# बुटवल उप–महानगरपालिका कार्यालय

# बुटवल, रुपन्देही

## पसल भवनका सटरहरु भाडामा दिने आय ठेक्का सम्बन्धी

### बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०४/१४

बुटवल उप–महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ९ लुम्विनी वस टर्मिनल क्षेत्रभित्र रहेको नवनिर्मित सपिङ्ग कम्प्लेक्सको भूइ तला, पहिलो तला र दोस्रो तलामा रहेका देहाय बमोजिमका सटर कोठाहरु हाल जे–जस्तो अवस्थामा छ सोही अवस्थामा ५ वर्ष अवधिका लागि बहाल बन्दोवस्त गर्न आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त भवनका सटर कोठाहरु बहालमा लिन इच्छुक नेपाल सरकारवाट ईजाजत प्राप्त ब्यक्ति/फर्म /कम्पनी/वित्तिय संस्था/सहकारीहरुले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही रित पूर्वकको सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् २०७८।०५।१४ गते कार्यालय समयभित्र ईच्छुक ब्यक्ति/फर्म /कम्पनी/वित्तिय संस्था/सहकारीहरुले क्रमशः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता/नवीकरणको प्रतिलिपि र आ.व.०७६/०७७ को कर चुक्ताको प्रतिलिपि सहित निवेदन र तपसिल वमोजिमको रकम (फिर्ता नहुने) बुझाई वुटवल उप–महानगरपालिका कार्यालयको राजश्व शाखावाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम लाई सिलबन्दी गरी बाहिर खाममा आय ठेक्का न ०१/०७८/०७९ र सटर नं. ....उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात् २०७८।०५।१५ गते दिनको १२.०० बजेभित्र वुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फारम दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे बु.उ.म.न.पा.कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४. बहाल संझौता अवधी ५ वर्षको हुनेछ र प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुँदै जानेछ । सम्झौता अवधी समाप्त भए पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल बन्दोबस्त गरिने छ ।

५. बोलपत्रदाताले बोलपत्रका साथ तपशिलमा उल्लेखित धरौटी रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं.३१२०१००३०३००००२ मा जम्मा गरेको संक्कलै बैंक भौचर, नगद वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बु.उ.म.न.पा.का.को नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

६. तोकिएको प्रक्रिया पुरा गरेका सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

७. बोलपत्र स्वीकृत भए पछि कबोल गरेको बहाल रकमको ५ प्रतिशतले हुने अपुग रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं.३१२०१००३०३००००२ मा (कार्यालय कोड ८०१०५४८०१) जम्मा गरेको सक्कल बैंक भौचर र मासिक बहाल कबोल अंकको ६ महिना बराबरले हुने रकम सम्झौता गर्दाका बखत जम्मा गर्नु पर्ने छ । उक्त छ महिना वरावरको अग्रिम रकम बहाल संझौताको अन्तिम वर्षको मासिक वहालमा कट्टा गरिनेछ ।

८. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र धरौटी र ६ महिना बराबरको एकमुष्ट रकम वा बैक भौचर सहित बहाल संझौता गर्न नआएमा वोलपत्र साथ रहेको धरौटी जफत गरी नियमानुसारको प्रक्रिया अगाडी बढाईनेछ ।

९. मासिक बहाल रकम भुक्तानी गर्दा प्रत्येक महिना अग्रिम रुपमा बुझाउंनु पर्नेछ । बहाल रकम तोकिएको समयमा नबुझाएमा बार्षिक १० प्रतिशतका दरले दैनिक रुपमा हिसाव गरी बिलम्ब शुल्क लाग्नेछ ।

१०. मासिक बहाल रकम बुझाउन एक महिना भन्दा बढी ढिला गरेमा सटर कोठा खाली गराउन पत्राचार गरिनेछ त्यसरी पत्राचार भएको मितिले ७ दिन भित्र सटर/कोठा खाली नगरेमा कार्यालयले जुनसुकै बेला सटर कोठा बन्द शिल गर्न सक्नेछ । त्यसरी सिल गरेको सात दिन भित्र सटर/कोठा भित्र रहेका सामानहरुको मुचुल्का गरी तत्कालै जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम वढावढ गरी असुल गर्न पर्ने रकम अपुग भएमा सरकारी बाकी सरह असुल उपर गर्ने र असुल गर्नु पर्ने भन्दा वढी भए वढी भएको रकम फिर्ता गरिनेछ ।

११. बहाल रकम बार्षिक रुपमा श्रावण महिना भित्र एकमुष्ट रुपमा बुझाउनेलाई बुझाउने बहाल रकमको १० प्रतिशत छुट दिईनेछ

१२. आफुले लिएको सटर कोठामा प्रचलित कानुन बमोजिम निषेधित बस्तु तथा सेवा बिकी बितरण वा गतिविधि गर्न पाईने छैन ।

१३. पानी र बिधुत महशुल खपतको आधारमा मासिक रुपमा सव मिटरमा उठेको अंकको कार्यालयले तोकेको प्रति यूनिटका दरमा बहालमा लिनेले नगरकार्यपालिका कार्यालयमा बुझाउनु गर्नेछ ।

१४. हाल बुटवल उपमहानगरपालिकालाई बुझाउनु पर्ने शटर बहाल नबुझाई बक्यौता राख्ने व्यक्ति/ फर्म वा कम्पनीले बोलपत्र दाखिला गर्न पाइने छैन । त्यसरी दाखिला भएको वोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

१५. यस सपिड. कम्प्लेक्सको पहिलो र दोस्रो तलाको सटर/कोठाहरुमा सामान्य कफि केक शप वाहेक होटल रेष्टुरेन्ट जस्ता धुवा आउने खालका व्यवसाय गर्न पाइने छैन ।

१६. पहिलो र दोस्रो तलाका उत्तर तर्फका पसल नं. ३७ र ५१ वैक वित्तिय संस्था तथा कर्पोरेट क्षेत्रका लागि उपयुक्त हुने गरी पार्टेशन नगरिएकोले ती पसल (फ्याल्ट) हरुको वोलपत्र फाराम कम्पनी/वित्तिय संस्था/सहकारी तथा कर्पोरेट क्षेत्रले मात्र खरिद गर्न सकिनेछ ।

१७. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा उल्लेख गरिएको छ । थप जानकारीका लागि बुटवल उप-महानगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

१८. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिकामा सुरक्षित रहनेछ ।

१९. अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन, बुटवल उपमहानगरपालिकाको आय ठेक्का नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

## सटरको विवरण

| आय ठेक्का नं. | सटर नं. | सटरको विवरण | न्यूनतम वहाल अंक( मासिक ) | वोलपत्र फाराम दस्तुर (फिर्ता नहुने) | बोलपत्र साथ जम्मा गर्नु पर्ने धरौटी रकम |
|---|---|---|---|---|---|
| ०१।०७८/०७९ | १९ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको भुई तलामा रहेको | ४५००० | रु.३०००/ | 1,35,000.00 |
| | २० | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको भुई तलामा रहेको | ४४५०० | रु.३०००/ | 1,33,500.00 |
| | २१ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको भुई तलामा रहेको | ४४५०० | रु.३०००/ | 1,33,500.00 |
| | २२ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको भुई तलामा रहेको | ३०५०० | रु.१०००/ | 91,500.00 |
| | २३ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको भुई तलामा रहेको | ३०५०० | रु.१०००/ | 91,500.00 |
| | २५ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | १५२०० | रु.१०००/ | 45,600.00 |
| | २६ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | ११७०० | रु.१०००/ | 35,100.00 |
| | २७ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | ११५०० | रु.१०००/ | 34,500.00 |
| | २८ र ३३ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | ११६०० | रु.१०००/ | 34800.00 |
| | २९ र ३२ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | १०२०० | रु.१०००/ | 30600.00 |
| | ३० र ३१ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | १२८०० | रु.१०००/ | 38400.00 |
| | ३४ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | २५००० | रु.१०००/ | 75,000.00 |
| | ३५ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | १२४०० | रु.१०००/ | 37,200.00 |
| | ३६ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेको | ११५०० | रु.१०००/ | 34,500.00 |
| | ३७ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको पहिलो तलामा रहेका (वैंक वित्तिय संस्था सहकारी वा कर्पोरेट क्षेत्रको लागि मात्र) | १९२५०० | रु.३०००/ | 5,77,500.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३९ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ११७०० | रु.१०००/ | 35,100.00 |
| | ४० | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ९००० | रु.१०००/ | 27,000.00 |
| | ४१ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ८८०० | रु.१०००/ | 26,400.00 |
| | ४२ र ४७ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ८६०० | रु.१०००/ | 25800.00 |
| | ४३ र ४६ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ७८०० | रु.१०००/ | 23400.00 |
| | ४४ र ४५ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ९८०० | रु.१०००/ | 29400.00 |
| | ४८ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | १९१०० | रु.१०००/ | 57,300.00 |
| | ४९ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ९५०० | रु.१०००/ | 28,500.00 |
| | ५० | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको | ८९०० | रु.१०००/ | 26,700.00 |
| | ५१ | लुम्विनी वस टर्मिनल सपिड. कम्प्लेक्सको दोस्रो तलामा रहेको (वैंक वित्तिय संस्था सहकारी वा कर्पोरेट क्षेत्रको लागि मात्र) | १४८००० | रु.३०००/ | 4,44,000.00 |